**आ.व. २०७८।०७९ को कमलवजार नगर कार्यपालिकाको पन्ध्रौ बैठक**

आज मिती २०७९।०१।१० गतेका दिन कमलबजार नगरपालिकाका नगरप्रमुख श्री ओमप्रकाश विष्टज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको बैठक बसी देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितीमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क.स | नाम थर | पद | फो.न | उपस्थिति |
|---|---|---|---|---|
| १ | श्री ओम प्रकाश बिष्ट | नगर प्रमुख | ९८४३३१०५४१ | |
| २ | श्री भुमिशरण ढकाल (वजगाई) | नगर-प्रमुख | ९८४८४०९३७५ | |
| ३ | श्री तेज बहादुर बिष्ट | वडा अध्यक्ष-१ | ९८६१९४०६८६ | |
| ४ | श्री रण बबहादुर खडका | वडा अध्यक्ष-२ | ९८४४३५१४२० | |
| ५ | श्री जगत बहादुर बिष्ट | वडा अध्यक्ष-३ | ९८४८१८६१५८ | |
| ६ | श्री ललित ढोली | वडा अध्यक्ष-४ | ९७४९०४६५५२ | |
| ७ | श्री नन्दसिंह चलाउने | वडा अध्यक्ष-५ | ९७४९५९७९४६ | |
| ८ | श्री राम बहादुर शाह | वडा अध्यक्ष-६ | ९८५८४४०४१५ | |
| ९ | श्री गोबिन्द्र बहादुर भण्डारी | वडा अध्यक्ष-७ | ९८६१९४०६४२ | |
| १० | श्री नैन बहादुर बिष्ट | वडा अध्यक्ष-८ | ९८६५६२२६२६ | |
| ११ | श्री दुर्गा प्रसाद बजगाई | वडा अध्यक्ष-९ | ९८६८५५९८९० | |
| १२ | श्री भिम बहादुर बिष्ट | वडा अध्यक्ष-१० | ९८४८५९९७५९ | |
| १३ | श्री जल्धरी बिष्ट | कार्यपालिका सदस्य | ९८६५९६०८९७ | |
| १४ | श्री राजुदेवी शाही | कार्यपालिका सदस्य | ९६१९४६०२४४ | |
| १५ | श्री जानकी देवी बिष्ट | कार्यपालिका सदस्य | ९८११६००५३८ | |
| १६ | श्री चक्रा कुमारी रावत | कार्यपालिका सदस्य | ९८४६९८६९३० | |
| १७ | श्री नामसरा सुनार | कार्यपालिका सदस्य | ९८४८५८७७७९ | |
| १८ | श्री लोकेन्द्र नेपाली | कार्यपालिका सदस्य | ९८४८३७९८०३ | |
| १९ | श्री डिल्ली कामी | कार्यपालिका सदस्य | ९८२४६९९२४८ | |
| २० | श्री हरिशचन्द्र कामी | कार्यपालिका सदस्य | ९८६६८४१०२८ | |
| २१ | श्री खड्ग बहादुर विष्ट | सचिव | ९८४८१३३९६१ | |

**२०७९।०१।१० गते विहान ८ वजे नगर कार्यपालिकाको बैठक कार्यसुचि**

१) वडा नं. ६ को सामाजिक सुरक्षा भत्ता साविक वमोजिम प्रभुबैंक कमलवजार वाट वितरण गर्ने

२) सुरक्षित नागरीक आवास कार्यक्रमको दोश्रो किस्ता रकम भुक्तानी सम्बन्धमा ।

३) प्राथमिक स्वास्थ्य केन्द्र कमलवजारको एम्बुलेन्स मर्मत गर्ने ।

४)  सवारी साधान परिचालन सम्बन्धमा ।

५) पदाधिकारीहरुको बेरुजु फच्र्छौट तथा वरबुझारथ सम्बन्धमा ।

६) विविध ।

**निर्णय नं. १:** नगर कार्यपालिकाको मिति २०७८।११।२२ को निर्णय नं. ६ अनुसार कमलवजार नगरपालिका वडा नं. ६ वीरपथका सबै सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहिहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि कृषि विकास बैंक मंगलसेन शाखामा अनुरोध गर्ने निर्णय भई लाभग्रहरीहरुको खाता खोल्ने प्रक्रिया अगाडी वढाउदा स्थानीय जनताहरुहरुवाट असहमतती भै नगरपालिकाका उजुरी प्राप्त भएको र वडा नं. ६ वाट सर्वदलिय वैठकको निर्णय सहित साविक वमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरी निर्णय भए आएको हुदा वडा नं. ६ का सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता प्रभु बैंक कमलवजारवाट वितरा गर्ने कार्य भएको हुदा सो कार्यको समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** कमलवजार नगरपालिकामा गत आ.व. देखि क्रमागत योजनामा रुपमा कार्यन्यन भैरहेको सुरक्षित नागरीक आवास कार्यक्रम अन्तरगत छनौट भएका लाभग्राहीहरुको घरको खरको छाना परिवर्तन गरी टिन लगाउने कार्यको स्थलगत अनुगमन गरी, कार्यविधि वमोजिम प्राविधिक प्रतिबेदन, लाभग्राही स्वयंले आफ्नो घर अगाडी उभिएको फोटो, र वडा कार्यलायको सिफारीस, टिनको पताता खरीद भएको विल सहित पेश भएमा दोश्रो किस्ता वापत रकम सम्बन्धित लाभग्रहीको नामा भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:** प्राथमिक स्वास्थ्य केन्द्र कमलवजारको स्वामित्वमा भएको एम्बुलेन्स मर्मत गरी तत्काल सञ्चालनमा ल्याउनु पर्ने भएको सोझै खरिद प्रक्रिया अन्तरगत मर्मत कार्य अगाडी वढाउने र नगरसभावाट स्वीकृत प्राथमिक स्वास्थ्य केन्द्रको एमबुलेन्स सञ्चालन तथा मर्मत सम्भार शिर्षकवाट रकम भुक्तानी  गर्ने  निर्णय गरियो ।

**निर्णय नं.४:** आसन्न स्थानीयतह सदस्य निर्वाचन २०७९ को लागि निर्वाच आयोग नेपालवाट र्निाचन आचार संहिता २०७८ जारी भै सहेको हुदा कमलवजार नगरपालिकाको कार्यालय, शाखामा र वडा कार्यलयको स्वामित्वमा भएका सम्पुर्ण सवारी साधानहरु कार्यालयको अतिआवश्यक कामकाजमा मात्र परिचालन गर्न गराउन नगरपालिकाको सबै शाखा र १० वटै वडाकार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:** कमलवजार नगरपालिकाको कार्यालयमा वहाल रहेका सबै निर्वाचित जनप्रतिनिधिहरुलाई वडा कार्यालय र नगरपालिकाको जिन्सी अभिलेखमा उल्लेख भएवमोजिम आफु संग भएको जिन्सी सामाग्रीहरु वरबुझारथ गरी नगरपालिकाको कार्यालय र वडा कार्यालयमा हस्तान्तरण गर्नको लागि नगरपालिकाको कार्यालयवाट अनुरोध गर्ने निर्णय गरियो ।